Phone 9759503772
E-mail naugaad@gmail.com
Website www.naugadmun.gov.np

# नौगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## होपरीगाड, दार्चुला
## सुदूरपश्चिम प्रदेश, नेपाल

नौगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय होपरीगाड, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**खुला प्रतियोगितात्मक परीक्षाद्वारा शिक्षक पदपुर्ति सम्बन्धी दरखास्त आह्वान गरिएको सूचना**

(प्रथम पटक प्रकाशित मिति:२०८०/०१/२१)

यस गाउँपालिका भित्र रहेका विभिन्न सामुदायिक विघालयहरुमा रिक्त रहेका तपसिलका तह र विषयमा खुला प्रतियोगितेत्मक परीक्षाद्वारा शिक्षक पदपुर्ती गर्नु पर्ने भएकाले नौगाड "शिक्षण सिकाइ सहयोग अनुदान कोटामा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि-२०७९"बमोजिम योग्यता पुगेका उमेद्वारबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्रमा निम्न बमोजिमको शुल्कमा तोकिए बमोजिमको फाराम भरी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा दरखास्त बुझाउनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।विज्ञापनको सूचना गाउँपालिकाको वेवसाइट www.naugadmun.gov.np मा पनि हेर्न सक्नु हुनेछ ।

| विज्ञापन नं. | पद | तह | विषय | किसिम | दरवन्दी रहेको विघालय | संख्या |
|---|---|---|---|---|---|---|
| ०२-२०७९/८० | शिक्षक | माध्यमिक(९-१०) | सामाजिक | खुला | श्री गणेश विनायक मा.वि.सिप्टी | १ |
| ०३-२०७९/८० | शिक्षक | माध्यमिक(९-१०) | गणित | खुला | श्री लटिनाथ मा.वि. खार | १ |
| ०४-२०७९/८० | शिक्षक | निम्नमाध्यमिक | गणित | खुला | श्री समैजी आ. वि.परीगाउँ | १ |
| | शिक्षक | निम्नमाध्यमिक | गणित | खुला | श्री भवानी आ. वि. धुलिगडा | १ |
| ०५-२०७९/८० | शिक्षक | निम्नमाध्यमिक | अंग्रेजी | खुला | श्री भवानी आ. वि. धुलिगडा | १ |
| | शिक्षक | निम्नमाध्यमिक | अंग्रेजी | खुला | श्री गौरीशंकर मा.वि. नागु | १ |

प्रमुख प्रशासकीय अधिकृत

<u>द्रष्टव्य:</u>

१ परीक्षाको किसिम: परीक्षाको किसिम तथा अंकभार शिक्षक सेवा आयोगको पाठ्यक्रम अनुसार हुनेछ ।



Scanned with CamScanner

Phone 9759503772
E-mail naugaad@gmail.com
Website www.naugadmun.gov.np

# नौगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## होपरीगाड, दार्चुला
## सुदूरपश्चिम प्रदेश, नेपाल

२. परीक्षा केन्द्रः नौगाड गाउँपालिकाको सभाहल होपरीगाड

३. परीक्षा कार्यक्रमः प्रथम पत्रः मिति२०८०/०२/२ गते बिहान ८ बजे

- द्वितीय पत्रःमिति २०८०/०२/३ गते
- अन्तरवार्ताको मितिः लिखित परीक्षाको नतिजा सार्वजनिक भएपछि प्रकाशन गरिनेछ ।

४. दरखास्त दस्तुर :

- माध्यमिक तह(११-१२) का लागि रु १५००/-
- माध्यमिक (९-१०) का लागि रु १२००/-
- निम्नमाध्यमिक तहका लागि रु १०००/-दस्तुर बुझाउनु पर्नेछ ।

५. दरखास्त दिने अन्तिम मितिः२०८०/०१/२७ गते कार्यालय समय भित्र ( उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

६. दरखास्त दस्तुर बुझाउने स्थान/माध्यमः नौगाड गाउँपालिका राजस्व शाखा अथवा Emailबाट फारम बुझाउने हरुका लागि नौगाड गाउँपालिकाको ग्लोबल आइएमइ बैंककमा रहेको ग-१.१ आन्तरिक राजस्व नौगाड खाता नं.S४०४०१००००००७मा तोकिए बमोजिमको दरखास्त दस्तुर बुझाई सक्कलै भौचर कार्यालयमा पेश गर्नुपर्नेछ ।

७. उमेद्वारको उमेरको हदः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

८. तलब तथा अन्य सुविधाः नौगाड गाउँपालिका गाउँकार्यपालिकाले तोके अनुसार

९. आवश्यक न्युनतम शैक्षिक योग्यताः

क) माध्यमिक तह (११-१२) का लागि मान्यता प्राप्त शिक्षण सस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको

ख) माध्यमिक तह (९-१०) का लागि मान्यता प्राप्त शिक्षण सस्थाबाट सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त गरेको

ग) निम्नमाध्यमिक तहका लागि मान्यता प्राप्त शिक्षण सस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र तह उत्तीर्ण गरी स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

१० दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरुः

क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

ख) शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी



Scanned with CamScanner

Phone 9759503772
E-mail: naugaad@gmail.com
Website www.naugadmun.gov.np

# नौगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## होपरीगाड, दार्चुला
## सुदूरपश्चिम प्रदेश, नेपाल

ग) अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी

घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति

११. दरखास्त पाइने स्थानः नौगाड गाउँपालिका शिक्षा,युवा तथा खेलकुद शाखा,होपरीगाड,दार्चुला तथा गाउँपालिकाको वेवसाइटwww.naugadmun.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ

१२. दरखास्त बुझाउने स्थानः नौगाड गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखा,होपरीगाड दार्चुला साथै ईमेलबाट पनि दरखास्त बुझाउन सकिनेछ, जसको लागि गाउँपालिकाको Email:naugaad@gmal.comमा इमेल गर्न सकिने छ ।

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner